# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

२०७५ फागुन १९

## मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको वार्षिक वैठक जेनेभामा

यही मार्च ४-७ सम्म स्वीजरल्याण्डको जेनेभामा आयोजना हुने राष्ट्रिय मानव अधिकार आयोगहरुको विश्वव्यापी सञ्जाल Global Alliance of NHRIs (GANHRI) को वार्षिक वैठकमा सहभागि हुन राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनुप राज शर्माको नेतृत्वमा सदस्यहरु सहितको टोली जेनेभा प्रस्थान गरेको छ ।

वार्षिक बैठकमा GANHRI को नेतृत्व चयन, आप्रवासन सम्बन्धी छलफल तथा कार्यशाला, राष्ट्रिय संस्थाहरुको सफल अभ्यासहरु (Good Practices) क्षेत्रीय संञ्जालहरुको वैठक, आन्तरिक विस्थापितहरुका सम्बन्धमा आयोगहरुको राष्ट्रिय संस्थाहरुको अनुभव आदान प्रदान लगायतका बैठक तथा कार्यशालामा सहभागी रहने कार्यक्रम रहेको छ ।

निर्वाचनमा मानव अधिकार सम्बन्धी आयोगहरुले गरेको अनुगमनको सफल अभ्यासहरु तथा चुनौतीहरुको विषयमा माननीय अध्यक्षज्यूबाट प्रस्तुती हुने समेत कार्यक्रम रहेको छ । साथै विभिन्न अर्न्तराष्ट्रिय संघसंस्थाहरुसँग द्विपक्षीय सहयोग तथा सहकार्यका विषयमा पनि छलफल हुने कार्यक्रम रहेको छ ।

टोलीका अन्य सदस्यहरुमा माननीय सदस्यहरु श्री प्रकाश वस्ती, श्री सुदिप पाठक र आयोगका सचिव श्री वेद प्रसाद भट्टराई रहनु भएको छ ।

मुरारिप्रसाद खरेल
नि. सचिव / निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org